# पाँचखपन नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ७ मितिः २०८१/१०/२२

## भाग-२

## पाँचखपन नगरपालिकाको सूचना

नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**पाँचखपन नगरपालिकाको स्थानीय उर्जा विकास निर्देशिका, २०८१**

**प्रस्तावनाः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को खण्ड (ध) को बंदुा नं. ३ को कार्यान्वयनको सहजिकरणका लागि स्थानीय निकायबाट १ मेगावाट (१००० किलोवाट) भन्दा कम क्षमताका आयोजनाकोसर्वेक्षण, उत्पादन, प्रसारण एवम् वितरणको अनुमतिपत्र जारी गर्न वाञ्छनीय भएकोले,

पाँचखपनन नगरपलिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पाँचखपन नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम “पाँचखपन नगरपालिकाको स्थानीय ऊर्जा विकास निर्देशिका, २०८१” रहेको छ ।

(२) यो निर्देशिका पाँचखपन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

(३) यो निर्देशिका विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षणको अनुमतिपत्र तथा विद्युत् उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र जारी गर्ने वा संशोधन गर्ने वा नवीकरण गर्ने वा खारेज गर्ने काम कारवाही वा निर्णय प्रक्रियामा लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “नियमावली” भन्नाले विद्युत् नियमावली, २०५० सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले विद्युत् उत्पादन, प्रसारण वा वितरण सम्बन्धी आयोजना सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित पाँचखपन नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले विद्यृतु विकास विभाग सम्झनु पर्छ ।

(ङ) "प्रवर्द्धक" भन्नाले कुनै आयोजनाको अनुमतिपत्रको लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(च) "निर्देशिका" भन्नाले पाँचखपन नगरपालिकाको स्थानीय ऊर्जा विकास निर्देशिका, २०८१ सम्झनु पर्छ ।

(छ) "आधिकारिक व्यक्ति" प्रवद्धर्कको तर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिले तोकेको आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## विद्युत उत्पादन सर्वेक्षण/उत्पादन/प्रसारण/वितरण सम्बन्धी व्यवस्था

**३. १००० किलोवाट सम्मको क्षमताका आयोजनाहरुको विद्युत उत्पादन/प्रसारण/वितरण को सर्वेक्षणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः** (१) कुनै विद्युत आयोजनाको सर्वेक्षण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको सर्वेक्षणको अनुमतिपत्र प्राप्त गर्न देहाय बमोजिमको कागजात तथा विवरणहरु सहित

नियमावलीको अनुसुची-१ मा तोकिएको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) विद्युत् उत्पादनको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त साथ रु. २.५ लाख प्रति वर्षका दरले एकमुष्ट रु. ५ लाख अनुमतिपत्र दस्तुर बझ्ुाउनु पर्नेछ । अनुमतिपत्र प्रदान नगर्ने निर्णय भएमा उक्त दस्तुर प्रवर्द्धकलाई फिर्ता गर्नु पर्नेछ ।

(ख) दरखास्तका साथ, अध्ययन कार्य गर्न लाग्ने अनुमानित खर्चको डिटेल कष्ट ब्रेक डाउन (Detail cost breakdown), कार्य तालिका (अध्ययन सम्पन्न गर्न र शुरुको २ वर्षमा गर्ने अध्ययनको कार्य सहित) आयोजनाको हाईड्रोलोजिकल विश्लेषण आदि खुल्ने गरी तयार पारिएको डेस्क स्टडी रिपोर्ट (परामर्शदातृ संस्थाबाट प्रमाणित) । साथै नापी विभागद्वारा प्रकाशित १:२५,००० वा १:५०,००० स्केलको स्थलरुप नक्शामा अक्षांश र देशान्तर खुल्ने गरी आयोजनाको लागि आवश्यक क्षेत्र तथा जलाधार क्षेत्र र आयोजनाको संरचनाहरु समेत रेखाङ्कन गरिएको स्थलरुप नक्सा पेश गर्नु पर्नेछ ।

(ग) संस्थाले दरखास्त दिदा संस्थादर्ताको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, संस्थाको प्रबन्धपत्र तथा नियमावली र कर चुक्ता वा दाखिलाको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि,

(घ) दफा ५ बमोजिम आर्थिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(ङ) दफा ६ बमोजिम प्राविधिक क्षमता प्रमाणित हुने कागजात विवरण,

(च) प्रवर्द्धक को तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (सञ्चालक समितिको निर्णयबाट तोकिएको), पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नं. (कार्यालय, निवास), मोबाइल नं., फ्याक्स नं.,पो.व.नं., तथा इमेल ।

४. **<u>जलविद्युत आयोजनाको जडित क्षमता निर्धारण सम्बन्धी व्यवस्थाः</u>** (१) जलविद्यतु आयोजनाको हकमा देहायको आधारमा जडित क्षमता निर्धारण गर्नु पर्नेछः-

(क) “कार्यालयले अनुमतिपत्र माग गरिएको आयोजनाको जडित क्षमता निर्धारण गर्न प्रवर्द्धकले उपलब्ध गराएको हाइड्रोलोजिकल टाइम सिरिज

डाटाको प्रोब्याबिलिटी अफ एक्सिडेन्स (Probability of Exceedance) Q45 (क्यू फोर्टी फाइभ) लाई आधार बनाउनु पर्नेछ।

(ख) प्रवर्द्धकले पेश गरेको हाइड्रोलोजिकल तथ्यांङ्क कार्यालयमा उपलब्ध आधिकारिक तथ्याङ्कसंग तात्विक रुपमा फरक परेको पाईएमा कार्यालयमा उपलब्ध तथ्यांकलाई आधार मानी सम्बन्धित आयोजनाको जडित क्षमता अधिकतम Q80 (क्यू एट्टी) सम्म निर्धारण गरिनेछ।

(ग) यसरी कुनै आयोजनाको जडित क्षमता निर्धारण गर्दा कार्यालयले जलस्रोतको उपयोग, विद्युत् बजारको उपलब्धता र लगानीको अधिकतम प्रतिफललाई समेत आधार मानी अनुसूची १ मा निर्दिष्ट गरे अनुसार क्षमता निर्धारण गर्नेछ ।

(घ) प्रवर्द्धकले दरखास्तमा माग गरेको जडित क्षमताभन्दा कार्यालयबाट निर्धारण भएको जडित क्षमता एक मेगावाटभन्दा बढी हुन आएमा पेश भएको दरखास्त रद्द गरि सो को जानकारी प्रवर्द्धक लाई गराइनेछ ।

## परिच्छेद-३

## <u>सर्वेक्षण अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

**५. <u>प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्नु पर्नेः</u>**
प्रवर्द्धकले आफ्नो आर्थिक क्षमता वा हैसियत प्रस्तुत गर्न कार्यालय समक्ष निम्न कागजातहरु पेश गर्नु पर्नेछः-

(क) दर्तावाल (Registered) चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको कम्तिमा दश लाख रुपैया बराबरको खुद सम्पत्ति (नेट वर्थ) रहेको विवरण,

(ख) एकभन्दा बढी आयोजनाको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेको हकमा त्यस्तो प्रवर्द्धकले माग गरेको थप आयोजना कार्यान्वयन गर्न सक्ने अतिरिक्त आर्थिक क्षमता ।

**६. <u>प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्नु पर्नेः</u>** प्रवर्द्धकले आफ्नो प्राविधिक क्षमता प्रस्तुत गर्न देहाय बमोजिमका कागजात विवरणहरु कार्यालय समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको परामर्शदातृ संस्थासँगको सम्झौतापत्र, परामर्शदातृ संस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र एवं प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

७. **<u>प्राथमिकताको क्रममा राख्नुपर्ने र रितपूर्वक नभएका निवेदन उपर कारवाही सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यालयले रितपूवर्क दर्ता भएको पहिलो दरखास्तलाई कारवाहीको क्रममा पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्तमा कागजातहरु अपुग भएमा कार्यालयले प्रवर्द्धकलाई त्यसको लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएको ३० (तिस) दिनको समयावधि भित्र आवश्यक कागजातहरु प्रवर्द्धकले उपलब्ध गरिसक्नु पर्नेछ ।

८. **<u>सर्वेक्षण अनुमतिपत्रको अवधिः</u>** (१) विद्युत् उत्पादन, प्रसारण तथा वितरणको सर्वेक्षण अनुमतिपत्रको अवधि अधिकतम ३ (तीन) वर्षको हुनेछ ।

(२) प्रवर्द्धकलाई पहिलो पटक सर्वेक्षणको अनुमतिपत्र जारी गर्दा २ (दुई) वर्षको अवधिभन्दा कम हुने गरी जारी गरिने छैन । शुरुको अवधिभित्र सर्वेक्षणको कार्य सम्पन्न नभएको अवस्थामा बहाल म्यादभित्रै प्रवर्द्धकले अर्को १ (एक) वर्षको नवीकरणको लागि दर्खास्त दिएमा सो अनुसार नवीकरण गर्न सकिनेछ ।

(३) अनुमतिपत्रको नवीकरणको लागि म्याद समाप्त हुनु अगावै कार्यालयमा दरखास्त दिनु पर्नेछ। सो समयावधिभित्र

नवीकरणको लागि दरखास्त नपरेमा उक्त अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

९. **<u>सर्वेक्षण अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) सर्वेक्षण अनुमतिपत्रको नवीकरणको लागि अनुमतिपत्रको अवधिभित्रै थपको लागि रु २.५ लाख दस्तुर सहित निवदेन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा निर्देशिकाको अनुसूची—१ बमोजिम भरिएको फारामहरु तथा विगतमा पेश गरेको कार्यतालिका अनुसारको कार्य प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ । कार्यतालिका बमोजिम निर्धारित कार्यहरु तोकिएको म्यादभित्र सम्पन्न हुन नसकेमा सोको कारण र औचित्य समेत उल्लेख गर्नु पर्नेछ ।

(३) अनुमतिपत्रको नवीकरण गर्ने प्रयोजनको लागि आयोजनाको पछिल्लो अवधिको कार्य प्रगतिलाई नै मुख्य आधार मानिनेछ । प्रवर्द्धकले पेश गरेको कार्य प्रगति सन्तोषजनक नभएको देखिएमा वा कार्यालयले आवश्यक ठानेमा आयोजनाको प्रगति सम्बन्धमा प्रवर्द्धकबाट प्रस्तुतीकरण गर्न लगाउने वा कार्यालयले आफ्नो मातहतका कर्मचारी खटाई आयोजनाको स्थलगत निरीक्षण गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम आयोजनाको कार्य प्रगति सन्तोषजनक नदेखिएमा त्यस्तो आयोजनाको लागि जारी गरिएको अनुमतिपत्रको नवीकरणमा थप अतिरिक्त जरिवाना लिन सक्नेछ ।

८. **विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सक्ने:** प्रवर्द्धकको माग हेरी आवश्यकता र औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको सर्वेक्षण अनुमतिपत्र जारी गर्न सकिनेछ ।

## परिच्छेद-४

## विद्युत उत्पादन/प्रसारण तथा वितरण अनुमतिपत्र सम्बन्धी व्यवस्था

१०. **१००० किलोवाट सम्मको क्षमताका आयोजनाहरुको विद्युत् उत्पादन/प्रसारण/वितरणको अनुमतिपत्र सम्बन्धी व्यवस्थाः**
(१) विद्युत् आयोजनाको निर्माण गर्न चाहने प्रवर्द्धकले विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न सर्वेक्षण अनुमतिपत्र बहाल रहेको अवधि भित्रै देहाय बमोजिमको कागजातहरु सहित नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) अनुमतिपत्र दस्तुर १ लाख रुपैया बुझाएको प्रमाण,

(ख) दफा ३ बमोजिमको वित्तीय व्यवस्था सम्बन्धी विवरण,

(ग) घर जग्गाको उपयोग वा परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैर सरकारी जग्गाको कूल क्षेत्रफल र जग्गा धनीहरुको लगत,

(घ) आवश्यकतानुसार स्वीकृत वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन,

(ङ) उपदफा (३) बमोजिमको प्रवर्द्धक कम्पनीसँग सम्बन्धित कागजात,

(च) बहाल रहेको विद्युत खरिद बिक्रीको सम्झौता वा कनेक्शन एग्रिमेन्ट,

(छ) ग्रीडमा आबद्ध नगरी ग्रामिण विद्युतीकरण गर्ने भएमा विद्युतीकरण हुनेक्षेत्र तथा ग्राहकको विवरण,

(ज) देहायका विवरणहरुः-

(१) आयोजना क्षेत्रको प्रमुख संरचनाको रेखाङ्कन तथा coordinate सहितको सक्कल टोपो नक्शा,

(२) निर्माण कार्यको विस्तृत तालिका,

(३) आयोजनाको सम्भाव्यता अध्ययन/विस्तृत इन्जिनियरिङ्ग

डिजाइन र डिजाइन नक्साहरु Design Drawings तथा सोको विद्युतीय प्रति Electronic Copy,

(४) अद्यावधिक शये र लगतको विवरण र सोको विद्युतीय प्रति Electronic Copy ।

(२) वित्तीय व्यवस्था सम्बन्धी आवश्यक कागजातहरु देहाय बमोजिमका हुनेछन्ः-

(क) आयोजनामा हुने स्वपूंजी र ऋणको लगानी अनुपात खुल्ने जानकारी/विवरण,

(ख) कम्तीमा अघिल्ला दुई आ. व. मध्ये एक आ. व. को लेखा परीक्षण गरिएको वित्तीय विवरण (Audited Financial Statement),

(ग) आयोजनाको स्वपूंजी बराबरको कम्पनीको नेटवर्थ वा सोही बराबरको शेयर होल्डरहरुको स्वपूंजी लगानी गर्ने क्षमता पुष्टी हुने बैंक स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि

हुने दर्तावाल (Registered) चार्टड एकाउण्टेण्टबाट प्रमाणित कागजात । बंकै स्टेटमेन्ट वा अन्य सम्पत्ति विवरण दर्तावाल चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित भएको हुनुपर्नेछ,

(घ) शेयर पूँजीमा लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपी,

(ङ) आयोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिवद्धता ।

(३) प्रवर्द्धक कम्पनीसंग सम्बन्धित कागजातहरुः-

(क) कम्पनी दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,

(ख) स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र,

(ग) कम्पनीकोअद्यावधिक शयेर लागत अभिलेख,

(घ) अघिल्ला दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र अथवा कर दाखिला गरेको प्रमाण,

(ङ) उद्योग दर्ताको प्रमाणपत्र, बैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत ।

## परिच्छेद-५

## आयोजनाको क्षमता सम्बन्धी व्यवस्था

११. **आयोजनाको क्षमता एवं क्षेत्र निर्धारणः** (१) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र माग गरी पेश गरेको दरखास्त साथ माग भएको क्षेत्रमा आयोजनाको क्षमता, आयोजना प्रस्ताब गरी विभागमा कुनै दरखास्त परे नपरेको, वा केन्द्रिय स्तरमा कुनै आयोजना पहिचान भए नभएको एकिन गर्नका लागी कार्यालयले माग गरेको क्षेत्र खुलाई Technical Clearance का लागि सो सम्बन्धमा विभागको राय लिनुपर्ने छ । विभागले आयोजनाको Technical Clearance सम्बन्धमा दिएको राय एवं निर्देशानुसार मात्र कार्यालयले अनुमतिपत्र सम्बन्धी कारवाही अघि बढाउन सक्नेछ ।

(२) कार्यालयले आवश्यक ठानेमा प्राविधिक सहयोगको लागि विभागमा अनुरोध गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध सम्बन्धी व्यवस्था

१२. **विद्युत उत्पादन क्षमता कायम गर्नुपर्नेः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रमा कायम रहेको जडित क्षमता नै विद्युत् उत्पादनको अनुमतिपत्रमा कायम गरिनेछ ।

तर, Hydrology, Power Evacuation लगायतका कारणले फरक क्षमताको लागि विद्युत खरीद बिक्री सम्झौता (PPA) वा जडान सम्झौता Connection Agreement भएको अवस्थामा संशोधित संभाव्यता अध्ययन प्रतिवेदन तथा आवश्यकता अनुसार संशोधित स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपश्चात् सोही क्षमताको लागि विद्युत उत्पादनको अनुमतिपत्रको कारवाही अगाडि बढउनु पर्नेछ । यस अबस्थामा आयोजनाको क्षमता १ मेगावाट भन्दा बढी हुने देखिएमा उक्त दरखास्तको कार्यवाहीको लागि विभागमा पठाउनु पर्नेछ ।

१३. **प्रवर्द्धकको नाममा विद्यतु उत्पादनको अनुमतिपत्र प्रदान गर्नु पर्नेः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएकै प्रवर्द्धकको नाममा विद्यतु उत्पादनको अनुमतिपत्र प्रदान गर्नु पर्नेछ ।

तर, व्यक्तिको नाममा विद्यतु उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको र निजले आफू समेत संलग्न रहेको कम्पनीको नाममा जारी गर्न माग गरेमा विद्युत उत्पादनको अनुमतिपत्र जारी गर्न कार्वाही गर्न सकिनेछ ।

१४. **एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन सक्नेः** प्रवर्द्धकको माग हेरी आवश्यकता र

औचित्यताका आधारमा एकै पटक विद्युत् उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र दिन सकिनेछ ।

**१५.** **<u>विद्युत आयोजना निर्माण अवधिः</u>** (१) विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले तीन वर्षभित्र निर्माण सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विद्युत उत्पादनको अनुमतिपत्र जारी भएको मितिले १ (एक) वर्षभित्र निर्माण कार्य शुरु नभएको पाइएमा उत्पादनको अनुमतिपत्र रद्द गर्न सकिनेछ ।

**१६.** **<u>विद्युत उत्पादन अनुमति पत्रको अवधिः</u>** विद्युत उत्पादनको अनुमतिपत्रको अवधि विद्युत नियमावली, २०५० बमोजिम हुनेछ

**१७.** **<u>राजस्व जम्मा गर्नुपर्नेः</u>** व्यवसायिक उत्पादनभएको आर्थिक वर्ष देखि रोयल्टी बापत पाँच लाख रुपैया वार्षिक रुपमा कार्यालयको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

# अनुसूची-१
## (दफा ४ को उपदफा (१) को खण्ड (ग) र दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
दरखास्त फारमको ढाँचा

मितिः........./......./.......

श्रीमान प्रमूख ज्यू
पाँचखपन नगरपालिका, सङ्खुवासभा ।

विषयः.............................................. ज.वि.आ. ( ............... कि.वा.) को विद्यत् उत्पादन सर्भेक्षण अनुमतिपत्र (संख्या : वि.वि.वि............... वि.उ.स.........................को म्याद थप/नवीकरण तथा

...............................................................
.................

...............................................................
..............................सम्वन्ध मा ।

उपरोक्त अनुमतिपत्रको म्याद यहि मिति .......................... मा समाप्त हुने भएको र कायम अवधिमा सम्पूर्ण कार्य समाप्त हुन नसकेकोले बाँकी कार्य सम्पन्न गर्नको लागी संलग्न तालिका सहित सो को म्याद ........................ सम्म थप हुन तथा .......... ................. .................. ................... ................ .................. .............. .................. ..................... .................... ................. ................... .................

................ ................. ................. ...................
................... ................. .................... .....................
..................... कोलागि आवश्यक दस्तरु र निर्दिष्ट विवरण सहित दरखास्त गर्दछु/गर्दछौं ।

साथै म/हामी यो प्रतिवद्धता गर्दछु/गर्दछौ कि संलग्न फारममा उल्लेख भए अनुसारका सवै विवरणहरु सत्य/तथ्यमा आधारित छन् र संलग्न कार्यतालिका अनुसारका कार्यहरु आगामी वर्ष सम्पन्न गरिने छन् । यदि संलग्न विवरणहरु तथ्यमा आधारित नपाइएमा वा संलग्न कार्यतालिका अनुसार उल्लेख्य प्रगति गर्न नसकेमा प्रचलित नियम, कानून तथा अनुमतिपत्रका (म्याद थप हुँदाका समेत) शर्तहरु अनुसार अनुमतिपत्र रद्धसम्मको कारवाही हुन गएमा मेरो/हाम्रो कुनै गुनासो रहने छैन ।

**निवेदक वा अख्तियार प्राप्त व्यक्तिको**

हस्ताक्षर.......................... कम्पनीको छाप

नाम...............................

**नोटः** *प्रत्येक पानामा अख्तियार प्राप्त व्यक्तिको दस्तखत र कम्पनीको हकमा छाप समेत हुनु अनिवार्य छ । विवरणहरु यहि ढाँचामा सफा टाइप गरिएको हुनु पर्नेछ ।*

जलविद्युत सर्भेक्षण अनुमतिपत्रको म्याद थप (नवीकरण)को दरखास्तका साथ पेश गर्नु पर्ने विवरणहरु

## फारम नं. क : आयोजना सम्बन्धी संक्षिप्त विवरण

| **अनुमति पत्र संख्या** | **वि. वि. वि.................**<br>**वि.उ.स................** | **विभागीय प्रयोजनको लागि** |
|---|---|---|
| आयोजनाको नाम तथा क्षमता | | |
| खोलाको नाम | | |
| जिल्ला, गा.वि.स. एवं कोअर्डिनेट | | |
| प्रर्वद्धकको नाम तथा ठेगाना (पो.ब.नं., इमेल, टेलिफोन, र फ्याक्स भएमा सो समेत) | | |
| अनुमति पत्र जारी मिति | | |
| यस अघिको म्याद थप विवरण | (क) २०......./...../.....देखि<br>२०......./...../.....सम्म<br>(ख) २०...../...../......देखि<br>२०......./...../.....सम्म<br>(ग)<br>२०...../...../......देखि२<br>०......./...../.....सम्म<br>(वर्ष/महिना/गते) | |

| | | |
|---|---|---|
| पछिल्लो पटक म्याद थप हुँदाका शर्त तथा निर्देशनहरु | | |
| हाल सम्म पेश भएका प्रतिवेदनहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

# फारम नं. ख : हालसम्म सम्पन्न भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण

| कार्य तथा गतिविधि | हाल सम्मको प्रगति | | विभागीय प्रयोजनको लागि |
|---|---|---|---|
| | संक्षिप्त विवरण | सम्पन्न प्रतिशत | |
| Topographical Survey and mapping | | | |
| Hydrological Studies | | | |
| Sediment Sampling and Analysis | | | |
| Surface Geological Mapping (Including discontinuity surveys and rock mass classification) | | | |
| Geotechnical Investigations (Test pits/adits; refraction/resistivity surveys; drilling etc.) | | | |
| Construction Material Survey | | | |
| Seismological Studies | | | |
| Design and Optimization | | | |

| | | | |
|---|---|---|---|
| Project Evaluation | | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | | |

**द्रष्टव्यः**

*१. कार्य शुरु मात्र गरिएको वा शुरु नै नभएको अवस्थामा प्रतिशतको महलमा सोही बमोजिम जनाउने ।*

*२. माथि दिइएको स्थान यथेष्ट नभए यही ढाँचाको पाना थप गरी दुई पृष्ठमा नबढाइ विवरण दिन सकिने छ । फाराम ग देखि ङसम्मको हकमा समेत सोही बमोजिम गर्न सकिनेछ।*

## फारम नं. ग : वातावरणीय अध्ययन लगायत अन्य कार्यमा हालसम्म सम्पन्न प्रगतिको विवरण

| कार्यहरु | हाल सम्मका प्रगति | विभागीय प्रयोजनको लागि |
|---|---|---|
| | संक्षिप्त विवरण ( मिति सहित) | |
| IEE/EIA कोToR | | |
| वातावरणीय अध्ययनको सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन/सार्वजनिक सुनुवाई | | |
| IEE/ EIA Report | | |
| अन्य अध्ययन तथा कार्यहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

## फारम नं. घः पछिल्लो वर्ष सम्पन्न भएका मुख्य कार्यहरुको विवरण

| कार्य | कार्य प्रगति | विभागीय |
|---|---|---|

| | संक्षिप्त विवरण | प्रयोजनको लागि |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| पछिल्लो वर्ष पेश गरेका प्रतिवेदनहरु | | |
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

## फारम नं. ङ : आगामी वर्ष गरिने कार्यहरुको कार्य तालिका

| | कार्य | | | |
|---|---|---|---|---|

| | | | **संक्षिप्त विवरण** | **उक्त अवधिको अन्तसम्म सम्पन्न हुने कूल प्रतिशत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| आगामी वर्ष पेश गरिने प्रतिवेदनहरु | | | | |

| | | |
|---|---|---|
| **विभागीय प्रयोजनको लागि मात्रः** | | |

**द्रष्टव्यः** *कार्य तालिका MS Project,Prima Vera वा त्यस्तै स्तरका Software बाट तयार गरी संलग्न गर्न सकिने छ। तथापि माथिको तालिका पूर्ण रुपमा भर्नु पर्नेछ।*

आज्ञाले,
मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत